# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७८/०७९
च.नं.: ५२३
मितिः-२०७८/०९/०९

## सूचना !  सूचना !!  सूचना !!!

### विषयः-तोकिएको कार्यक्रम हुने मिति सारिएको सम्बन्धमा।

*[कृषि मेला प्रदर्शनी -२०७८]*

*"कृषि क्षेत्रको आधुनिकीकरण र व्यवस्थित पूर्वाधार, प्रविधिमैत्री कृषि उत्पादन ताप्ली गाउँपालिकाको आधार"* भन्ने मूल नारालाई आत्मसाथ गर्दै ताप्ली गाउँपालिकाको आयोजना र सहयोगी हातहरुको समुह (सहास) नेपालको साझेदारीमा कृषि मेला प्रदर्शनी, २०७८ कार्यक्रम सञ्चालन गर्ने भनी यस भन्दा अघि नै मिति २०७८/०८/२९ गते सूचना प्रकाशित गरिएकोमा विविध कारण वश तोकिएको समयमा कार्यक्रम सञ्चालन गर्न नसकिएकोले उक्त कार्यक्रम यस ताप्ली गाउँपालिका भित्रका सम्पूर्ण कृषकहरुले आफ्नो उत्पादित वस्तुहरुसहित तपसिल बमोजिमको स्थान, समय, मिति र उत्पादित कृषि वस्तु [(खाद्यान्न बाली, फलफूल बाली, तरकारी बाली, तेलहन बाली, जरे बाली, कोशे बाली, नगदे बाली तथा पशु (बाख्रा, बंगुर), पंक्षी (स्थानीय/उन्नत)] विधाका बाली तथा पशुपंक्षीहरुको प्रतिस्पर्धा तथा प्रदर्शनी रहेने भएको हुँदा सम्पूर्णमा उपस्थितिका लागि यसै सूचना मार्फ पुनः जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

स्थानः- ताप्ली गाउँपालिका वडा नं. ५, रुपाटार
समयः- विहानको ठिक ८:०० बजे
मितिः- २०७८/०९/१५
उत्पादित बाली/वस्तु दर्ता मितिः- २०७८/०९/१४ गते ४:०० बजेभित्र ।

.................................
रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः- १.प्रदर्शनीमा सहभागी कृषकका लागि कृषक सहित सामान ल्याउन गाडीको व्यवस्था रहेको साथै कृषि तर्फ खाद्यान्न बालीको हकमा १ के.जी. (मकै, कोदो बोटसहित), फलफूल बाली (भेट्नोसहित), तरकारी बाली (जरामाटो सहित), मसला बाली (जरामाटो सहित), दलहन बाली ((कम्तिमा १ के.जी.), तेलहन बाली (बोट माटोसहित), जरेबाली (जरासहित), कोशेबाली (कोशा बोटसहित), नगदेबाली (बोटसहित) र पशुको हकमा बाख्रा तथा बंगुर (६ महिना भन्दा माथि ३ वर्षसम्म) पंक्षीको हकमा (१ के.जी. भन्दा माथि स्थानीय र उन्नत) ।*

२. यस कार्यक्रममा गोवर परिक्षण पनि गरिने व्यवस्था छ।

३. प्रदर्शनमा माथि १ नं. मा तोकिएको उत्कृष्ट र आकर्षक कृषि तथा पशुजन्य वस्तुहरु लिएर आउने कृषकहरुलाई विशेष पुरस्कारको व्यवस्था छ ।

<u>थप जानकारीको लागिः</u>

*<u>सम्पर्क व्यक्तिः-</u> नितेश कुमार बस्नेत (कृषि विकास शाखा) [९८६१५११२०१]*
*सुनिल न्यौपाने (पशु सेवा शाखा) [९८६२५०३३०९]*

E-mail :ict.taplimun@gmail.com
Website :www.taplimun.gov.np